मिति:-२०७४।१०।९

# बागलुङ जिल्ला अदालतबाट जारी भएको

## सूचना ! सूचना !! सूचना !!!

अदालतका विभिन्न मितिका फैसला वमोजिम विभिन्न गा.वि.स.(गाउँपालिका) नगरपालिका अन्तर्गतका व्यक्तिहरुको नाममा रहेको फैसलाले लागेको दण्ड,जरिवाना असुल उपर नभए सम्म सेवा प्रदायी निकायहरुबाट सेवा स्थगित गर्ने भन्ने फैसला कार्यान्वयन निर्देशनालयबाट निर्देशन समेत भई सकेकोले अदालतको फैसलाले लागेको दण्ड जरिवाना असुल उपर गर्नको लागी लगत तयार पारि विभिन्न सेवा प्रदायी निकायहरुमा पठाई सकिएको हुँदा अदालतको फैसलाले लागेको दण्ड जरिवाना र सरकारी विगो आदि बाँकि बक्यौताको रकम बुझाउन बाँकी रहेका सम्बन्धित व्यक्तिहरुले सो बाँकि बक्यौताको रकम बुझाउन ल्याएमा जिल्ला अदालत नियमावली, २०५२ को नियम ८७ बमोजिम यो सूचना जारी भएका मितिले देहाय बमोजिम छुट दिई लगत कट्टा गर्ने गरी मिति २०७४।१०।९ मा यस अदालतबाट निर्णय भएको हुँदा उल्लेखित समय भित्र त्यस्तो बाँकी वक्यौता रहेका व्यक्तिहरुले यस अदालतमा कार्यालय समय भित्रमा बाँकि बक्यौताको रकम बूझाउन ल्याएमा छुट दिई लगत कट्टा गरिने व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

<u>देहाय</u>

१. एक महिना भित्रमा सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको १५ प्रतिशत
२. दुई महिना भित्रमा सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको १३ प्रतिशत
३. तिन महिना भित्रमा सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ११ प्रतिशत
४. चार महिना भित्रमा सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ९ प्रतिशत
५.पाँच महिना भित्रमा सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ७ प्रतिशत
६. छ महिना भित्रमा सम्बन्धित व्यक्तिले बुझाउन ल्याएमा सो रकमको ५ प्रतिशत

२०७४।१०।९